# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३३५ | बुटवल | २०८२ मंसिर २९ गते, सोमबार | नेपाल संवत ११४६ | Monday December 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# लम्बियो एमाले महाधिवेशन, १ गते मतदान

## ओलीलाई अभिभावक भएर बस्न वरिष्ट उपाध्यक्ष ईश्वर पोखरेलले सुझाव दिएका छन्



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा एमालेको एघारौं महाधिवेशन लम्बिने भएको छ शनिबारदेखि सुरु भएको महाधिवेशन २९ गतेसम्मका लागि तय भएको थियो तर, महाधिवेशनको अवधि लम्बिने भएको हो केन्द्रीय निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार, पुस १ गते दिउँसो ११ बजेबाट मतदान तय भएको छ

मतदान १ गतेलाई तोकिएसँगै महाधिवेशनको अवधि पनि लम्बिने देखिएको हो यद्यपि नेताहरूले सहमतिको प्रयास भइरहेको बताएका छन् शनिबार भक्तपुरको सल्लाघारीमा उद्घाटन भएको महाधिवेशन आइतबारबाट भृकुटिमण्डपमा बन्दसत्र सुरु भएको छ निर्वाचन तालिकाअनुसार मंगलबार बिहान ७ बजे मतदाता नामावली प्रकाशन गरिनेछ सोही दिन ८ बजेदेखि ९ बजेसम्म मतदाता नामावलीमा दाबी विरोध, साढे ९ बजे दाबी विरोधको सूचना प्रकाशन, १० बजे दाबी विरोध उपर छानबिन हुनेछ त्यस्तै, सवा १० बजे अन्तिम मतदाता नामावली प्रकाशन गरिने कार्यतालिकामा उल्लेख छ मंगलबार दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारको नाम फिर्ता गर्ने कार्यतालिका छ उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने जनाइएको छ त्यस्तै, पुस १ गते ११ देखि ५ बजेसम्म मतदान हुने कार्यतालिका तय भएको छ नेकपा एमालेको केन्द्रीय कमिटीमा ४० वर्ष मुनिका युवाका लागि करिब ५ प्रतिशत (४.९८) प्रतिनिधित्व सुनिश्चित गरिएको छ

एमालेले ११औं महाधिवेशनबाट ३०१ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्दैछ जसमा प्रदेशगत प्रतिनिधित्व उपत्यकासहित सबै प्रदेशबाट एक/एक जना युवा आउनेछन् एमालेको पार्टी संरचनामा ८ प्रदेश छ यसो हुँदा ८ जना युवा यहाँबाट आउनेछन् खुला कोटामा युवाका लागि २, जनजाति आदिवासीतर्फ युवा २, मधेशीतर्फ युवा २ र दलिततर्फ युवा १ जना आउनेछन् यसो हुँदा ३०१ सदस्यीय केन्द्रीय समितिमा युवा १५ जना हुनेछन् यो ४.९८ प्रतिशत हो केन्द्रीय कमिटीमा १० देखि १५ प्रतिशतसम्म युवाको सहभागिता सुनिश्चित गर्नुपर्ने माग उठेको थियो गत शुक्रबार बसेको सचिवालय बैठकमा एमालेका सचिव योगेश भट्टराईले केन्द्रीय कमिटीमा १५ प्रतिशत युवा कोटा छुट्याउनुपर्ने प्रस्ताव नै राखेका थिए

यसैबिचनेकपा एमालेका वरिष्ट उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्ष केपी शर्मा ओलीलाई पार्टीको अभिभावक भएर बस्न सुझाव दिएका छन् ११ वर्ष पार्टी अध्यक्ष बनिसकेको र ६ वर्ष प्रधानमन्त्री भइसकेकोले उनले गर्नुपर्ने नयाँ काम केही बाँकी नरहेको भन्दै वरिष्ट उपाध्यक्ष पोखरेलले यस्तो बताएका हुन् '११ वर्ष पार्टी अध्यक्ष हुनुभयो ६ वर्ष प्रधानमन्त्री हुनुभयो अब उहाँले गर्नु पर्ने नयाँ काम केही बाँकी छ जस्तो लाग्दैन'- पोखरेलले भने महाधिवेशनको बन्द सत्रलाई सम्बोधन गर्दै उनले भने-'अब कमरेड ओलीले यो पार्टीको अभिभावक हुनपर्छ भन्ने ठान्छु आम रूपमा त्यही परिस्थिति छ' उपाध्यक्ष पोखरेलले नेतृत्वको जिम्मा आफूहरूलाई दिनुपर्ने बताए 'अब नेतृत्वको जिम्मा हामीलाई दिनुस् भन्न चाहन्छु मेरो अवधारणा पढ्नुस् साथ र समर्थनको अपेक्षा छ'- उनले भने उपाध्यक्ष पोखरेलले यो महाधिवेशनले एकताको महाधिवशेन हो भनेर सन्देश दिनु पर्ने बताए उनले भने-'विगतका महाधिवेशनको स्मरण भइरहेको छ खासगरी ५औँ महाअधिवेशन त्यो महाधिवेशनमा जबज प्रस्ताव भएको थियो त्यो महाधिवेशनले फरक मतको संरक्षण गर्ने कुराको ग्यारेन्टी गरेको थियो, जुन ऐतिहासिक पनि थियो ५औँ महाधिवेशनले फरक मतलाई स्वीकार्ने कुरा कति महत्त्वपूर्ण रहेछ, आज पनि उत्तिकै महत्त्वपूर्ण रहेछ' उनले भने-'पार्टी सञ्चालनबारे हामीले पुनर्विचार गर्नु नपर्ने, बाह्य षड्यन्त्रलाई जिम्मा लगायो हाम्रो कार्यभार सकियो, ५औँ महाधिवेशनपछि किन पार्टी फुट्यो छलफल भएन' १०औँ महाधिवेशन एउटा बाध्यता थियो भन्दै उनले नेकपामा समस्या आयो, तर त्यसबारे आत्मसमीक्षा नभएको बताए

उनले भने-'अब हामी ११औँ महाधिवेशनको हलमा छौं गत २२ भदौमा हामी जुन निष्कर्षमा पुगेका थियौँ, त्यो ठाँउमा रहेनछौं सबै ध्वस्त भयो बाह्य कारण प्रमुख हो कि आन्तरिक कारण निर्णायक हो यो प्रश्नको निराकारण गर्नैपर्छ' हामीले सबै राम्रै राम्रो गर्यौं भन्दै आए पनि तर असफल किन भयौं भनेर प्रश्न गर्नुपर्ने बेला आएको उनले बताए उनले भने-'हामीसँग राज्य संयन्त्र थियो के राज्य संयन्त्र निकम्मा हो ? वा हामीबाट कमजोरी भयो ? कमजोरी भयो भन्नेतिर ध्यान दिनै पर्छ हामीमा पर्याप्त कमजोरी थिए' आफूले अध्यक्षसँग सल्लाह नै गरेरै अवधारणा पेस गरेको उनको भनाइ छ 'हाम्रो नीति र बिधीमा समस्या छैन हाम्रो नीति र व्यवहारमा समस्या रह्यो भन्ने कुरा स्वीकार्नै पर्छ'- उनले भने

अध्यक्ष केपी शर्मा ओलीले आफूपक्षीय नेता व्यवस्थापनका लागि ३ महिनामै पार्टीको विधान उल्ट्याउने प्रस्ताव गर्दा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आपत्ति जनाएका थिए यद्यपि ओलीले बन्दसत्र सुरु हुनुअघि भृकुटीमण्डपमा बसेको वर्तमान केन्द्रीय कमिटीको अन्तिम बैठकबाट दसौं महाधिवेशनकै व्यवस्थाअनुरूप पदाधिकारी थप्दै केन्द्रीय कमिटीको सदस्य संख्या बढाउने गरी विधान संशोधन गर्ने निर्णय गराइसकेका छन् त्यसअघि वरिष्ट उपाध्यक्ष पोखरेललगायत उनी पक्षका नेताले विधान संशोधनको कडा विरोध गरेका थिए

» बाँकी ३ पेजमा

# एमाले रूपन्देही सचिव कार्कीसहित तीनसय बढी रास्वपामा प्रवेश



बुटवल नेकपा एमाले रुपन्देहीका सचिव एवं सैनामैना नगरपालिकाका पूर्व नगरप्रमुख चित्रबहादुर कार्कीसहित एमाले, कांग्रेस, माओवादी, राप्रपालगायत पार्टीका तीन सय जना बढी राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेका छन् कार्की एमाले उपाध्यक्ष विष्णु पौडेलका पूर्व स्वकीय सचिव रहेर लामो समय पार्टीमा काम गरेका लोकप्रिय नेता हुन्

कार्कीसँगै नेकपा एमाले प्रदेश सदस्य पदम ज्ञवाली, एमालेबाट निर्वाचित सैनामैना वडा नं. ८ का हालका वडा सदस्य ईश्वरीप्रसाद भण्डारी, कञ्चन गाउँपालिकाका एमालेका अगुवा नेता कृष्णप्रसाद आचार्य, नेकपा माओवादी सैनामैनाकी सक्रिय कार्यकर्ता जानका शर्मा , लामो समय माओवादीमा आबद्ध बुद्धनगर खानेपानीका अध्यक्ष रामप्रसाद भुसाल, नेपाली कांग्रेसका राजु गुरुङलगायत विभिन्न दलका स्थानीय नेता कार्यकर्ता पार्टी प्रवेश गरेका पार्टीका सैनामैना नगर सभापति राजबहादुर क्षेत्रीले जानकारी दिए

उनीहरूलाई रास्वपा उपसभापति डा स्वर्णिम वाग्ले, प्रवक्ता मनिस झा, नेताहरु गणेश पराजुली, प्रकाशचन्द्र परियार लगायतले पार्टीमा स्वागत गरेका छन्

प्रवेश गर्नेमा अधिकांश एमाले र कांग्रेसका स्थानीय कार्यकर्ता छन् रास्वपा प्रवेश गरेका पूर्व नगरप्रमुख कार्कीले एमाले विधान महाधिवेशनले ७० वर्षे उमेरमा हद र दुई कार्यकालको प्रावधान खारेज गरेर पार्टीमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरण अवरुद्ध गरेको, भदौ २३ र २४ को जेनजी आन्दोलनमा केपी ओली नेतृत्वको सरकारले अनावश्यक दमन गरेर ठूलो मानवीय क्षति गरेको,पार्टी मूल नेतृत्व आम कार्यकर्ता जनभावनाअनुसार नचलेको लगायत कारणले पार्टी परित्याग गरेको बताए

जेनजी आन्दोलनमा सरकारले युवा विद्यार्थीमाथि अनुचित बल प्रयोग गरी ठूलो मानवीय क्षति गराएकोमा असन्तुष्टी र विरोध जनाउँदै कार्कीले भदौ २४ गते नै एमाले जिल्ला सचिवबाट राजीनामा घोषणा गरेका थिए त्यसयता उनी एमाले पार्टी काममा फर्किएका थिएनन्

» बाँकी ३ पेजमा

# कांग्रेस सांसद चालिसे र भीम उपाध्यायमाथि भ्रष्टाचार मुद्दा

बुटवल अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिनिधिसभाअन्तर्गत अर्थ समितिका निवर्तमान सभापति सन्तोष चालिसेमाथि गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरेको छ चालिसे कांग्रेस नेता हुन्

अख्तियारले गोकर्णेश्वर नगरपालिकाको मेयर भएका बेलामा उनले गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोग लगाएको हो उनीमाथि सम्पत्ति शुद्धीकरणको मुद्दा समेत दायर भएको छ आठ करोड ५६ लाख रुपैयाँको सम्पत्ति जोडेका उनले चार करोड ८८ लाख रुपैयाँ मात्रै वैध रूपमा आर्जन गरेको भेटिएको अख्तियारको दाबी छ

अख्तियारको दाबीअनुसार, उनले ३ करोड ६८ लाख रुपैयाँ गैरकानुनी आर्जन गरेका थिए, अख्तियारले त्यसैलाई बिगो कायम गरेको हो अख्तियारले सन्तोष चालिसेसहित उनकी पत्नी मन्दिरा चालिसे, छोरा सागर चालिसे र सञ्जिव चालिसे र बुहारी प्रमिला पोखरेललाई सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाएको छ

उनी जेठ, २०७४ सालदेखि गोकर्णेश्वर नगरपालिकाका मेयर थिए मेयरको पाँच वर्षे कार्यकाल सकिएपछि उनी प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं-३ बाट निर्वाचित भएका थिए अख्तियारले उनीमाथि सम्पत्ति विवरणमा वास्तविक सम्पत्ति विवरण उल्लेख नगरी लुकाइछिपाइ झुट्टा विवरण पेस गरेको आरोप लगाएको हो अख्तियारले संसदीय समितिको नेतृत्व गरेका व्यक्तिमाथि गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा मुद्दा चलाएको यो पहिलो घटना हो

यस्तै मेलम्ची खानेपानी आयोजनामा विशेष अदालतले गरेको फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग सर्वोच्च अदालत पुगेको छ पूर्वसचविहरू डा.सञ्जय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुर, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य मुकुन्दप्रसाद पौडेलसमेत रहेको सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदनको दिएको हो

उनीहरूले उपर मेलम्ची खानेपानी विकास समितिबाट काठमाडौं उपत्यकामा पानी ल्याउन भनी हचुवाको भरमा बिना विश्लेषण 'माइलस्टोन' तय गरेको, ठेक्का सम्झौता तथा मौजुदा कानुनको परिधिभित्र नरही निर्माण व्यवसायीको क्षमता तथा नगद प्रवाह कमजोर भएको कारण आयोजनाको प्रगति सुस्त भएको थाहा हुँदाहुँदै सम्झौताको प्रावधान तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्थाको विपरीत निर्माण व्यवसायीलाई आर्थिक लाभ हुने गरी काम कारबाही गरेको अख्तियारको आरोप छ

यस्तै, सम्झौताविपरीत तथा कानुनले तोकेभन्दा बढी ठकेदारलाई दुई किस्तामा अतिरिक्त मोबिलाइजेसन पेश्की दिएको, सम्झौताको प्रावधानबमोजिम परामर्शदाता र व्यवस्थापन समितिले भुक्तानीको लागि पेश गरे पछिका कुनै पनि बिलमा समायोजन गरी प्रोभिजनल पेमेन्ट वापतको रकम असुली नगरेको, प्रत्येक आइपीसीमा रेन्टल चार्ज मूल्याङ्कन गर्दै बिलबाट कट्टी गरी असुल उपर गर्नुपर्ने दायित्व परामर्शदाता तथा व्यवस्थापन पक्षले निर्वाह गरेको नदेखिएको अख्तियारको भनाइ छ आयोगले सरकारी सम्पत्ति हानिनोक्सानी तथा निर्माण व्यवसायीलाई लाभ पुऱ्याई भ्रष्टाचार गरेको ठहर गरेको छ

» बाँकी ३ पेजमा

# प्रादेशिक पेट्रोलियम डिपो निर्माण तिव्र



मोहम्मद हबिब

भैरहवा

पेट्रोलियम आपूर्ति सुरक्षालाई ध्यानमा राख्दै नेपाल आयल निगमले रुपन्देहीको भलबारीमा रहेको इन्धन डिपोलाई रोहिणी नदी किनारमा स्थानान्तरण गर्दैछ लुम्बिनी प्रादेशिक कार्यालयको भलबारी डिपो साँघुरो, घनाबस्तीबिचमा र अहिले पेट्रोलियम पदार्थको संचिती थेग्न नसकेको कारण क्षमता अभिवृद्धि परियोजनाअन्तर्गत डिपो स्थानान्तरण गर्न लागिएको हो करिब ६ अर्ब रुपैयाँको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारभई साढे २५ बिघा क्षेत्रफलमा आधुनिक र सुविधा सम्पन्न भण्डारणसहितको डिपो निर्माणको लागि प्रारम्भिक कामहरु समेत भइसकेको छ

नयाँ डिपो निर्माणको लागि काठमाडौं विश्वविद्यालय, कन्सल्टेन्सी सेवा विभागले तयार गरेको डीपीआरअनुसारको कामका लागि ठेक्का आह्वान प्रक्रियामा रहेको छ भण्डारण क्षमता वृद्धि परियोजनाअन्तर्गत पहिलो वर्षको कामअन्तर्गत जग्गा व्यवस्थापनको सबै काम पूरा भइसकेको छ ग्याभिन जाली, रिटेनिङ वाल, ल्यान्डफिलिङलगायत आधारभूत पूर्वाधार निर्माण सम्पन्न भइसकेको साइट इञ्जिनियर अंकित रिमालले जानकारी दिए नदी नजिक पर्ने भएकाले सम्भावित जोखिम न्यूनीकरणका लागि डिपो क्षेत्रलाई ग्याभिन जालीले मजबुत पारिएको छ परियोजनाको विस्तृत प्रतिवेदन काठमाडौँ विश्वविद्यालयले तयार गरी निगमलाई बुझाइसकेको उनले जानकारी दिए

निगमले प्रारम्भिक चरणमा ७ वटा 'प्याकेज' बनाएर बोलपत्र आह्वान गरेर काम अघि बढाइएको थियो काठमाडौँ स्थित शुभश्री-सर्वश्री जेभीले पहिलो र दोस्रो, वीरगञ्जस्थित उज्यालो निर्माण सेवाले तेस्रो तथा प्रिजन कन्ट्रक्सनले बाँकी ४ वटा प्याकेजको करिब ८ करोडमा ती ठेक्का लगाइएको सम्पन्न गर्नेतर्फ छन् खोलाको समानान्तरमा सात मिटर उचाइको ग्याबिन पर्खाल र उत्तरतर्फ ४ दशमलव ५ मिटरको रिटेनिङ वाल लगाइएको छ ग्याबिन लगाउने तथा जग्गा पुर्ने काम भएको छ, पछिल्लो ५० वर्षको बाढीको अवस्थालाई आँकलन गरेर रोहिणी खोलामा तटबन्धको काम अघि बढाइएको उनले बताए उत्तरतर्फ 'रिटेनिङ वाल' लगाइएको छ भने पश्चिमतर्फ ग्याबिन पर्खाल लगाइएको छ

डिपो निर्माणका लागि जग्गा विकास, पर्खाल, पहुँच मार्ग, इन्धन भण्डारण गृह, पेट्रोलियम पदार्थको प्रवाह तथा फायर फाइटिङ प्रणालीको पाइपिङ निर्माण गर्ने योजना छ डिपो पूर्ण रूपले अटोमेसनमा आधारित हुनेछ

डिपोमा डिजेलका लागि ४५ सय किलोमिटर क्षमताका तीन वटा भर्टिकल ट्र्यांक गरी कुल एक १३ हजार पाँच सय किलोमिटर क्षमताको भण्डारण स्थल निर्माण गर्ने योजना छ त्यसैगरी, २१ सय किलोमिटर क्षमेताका दुई वटा भर्टिकल ट्र्यांक, सात सय ६० किलोमिटर क्षमताको एक ट्र्यांक गरी चार हजार नौ सय ६० किलोमिटर क्षमताको पेट्रोल भण्डारण स्थल निर्माण गर्ने निगमले जनाएको छ त्यसैगरी ७० किलोमिटर क्षमताका तीन वटा मट्टितेल राख्ने भर्टिकल ट्र्यांक पनि निर्माण गर्ने योजना रहेको निगमका सहायक प्रबन्धक तेजराज तिमल्सिनाले जानकारी दिए नयाँ डिपो सञ्चालनमा आएपछि लुम्बिनी प्रदेशको मासिक इन्धन खपत बराबर आपूर्ति भण्डारण गर्न सकिनेछ अहिले भलबारी डिपोमा पेट्रोल ५१९ के.एल., डिजेल ३,०४० के.एल. र मट्टितेल २८० के.एल. मात्र भण्डारण क्षमता हुँदा दुई-तीन दिनको माग मात्रै थेग्न सकिन्छ

डिपोभित्र अग्नी सुरक्षा प्रणालीका लागि २१ सय किलोमिटर क्षमताका दुई वटा पानी ट्याङ्की निर्माण हुनेछन् इन्धन लोडिङ सेडमा ८ बटा 'बे' र अनलोडिङ सेडमा पनि ८ वटा 'वे' निर्माण गर्ने गरी डीपीआर तयार भएको छ त्यसैगरी, डिपोमा विद्युतीय कार्य, प्रशासनिक भवन, कन्ट्रोल भवन, प्रयोगशाला भवन, बिलिङ तथा स्टोर भवन, कार्यालय प्रमुख तथा कर्मचारी आवास गृह, महिला तथा पुरुष आर्मीको लागि छुट्टाछुट्टै आवास गृह, ट्याङ्कर चालक आराम गर्ने संरचना, सुरक्षा पोष्ट, ट्याङ्कर पार्किङ क्षेत्रलगायतका संरचनाहरू डिपो हाता भित्र निर्माण गर्ने योजना छ

» बाँकी ३ पेजमा




# सम्पादकीय

## सामाजिक सञ्जालमा बालबालिकाको पहुँच उचित कि अनुचित ?

अस्ट्रेलियामा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाइएको छ । बालबालिकाले सामाजिक सञ्जाल प्रयोग गर्दा मनोवैज्ञानिक असर परेको, पठनपाठनमा समस्या भएको र व्यक्तिगत आचरण तथा व्यवहारमा अस्वभाविक परिवर्तन देखा परेको भन्दै सामाजिक सञ्जाल प्रतिबन्ध लगाइएको हो ।

अस्ट्रेलियाले लिएको निर्णय ठिक छ, अहिले सामाजिक सञ्जालका कारण बालबालिकाको समय पठनपाठनमा न्यून जान थालेको छ । श्रृजनशिलता घटेको छ । सानै उमेरदेखि सामाजिक सञ्जाल प्रयोगको लत बस्दाका बहुआयामिक असर देखिएपछि अस्ट्रेलियाले प्रतिबन्धको निर्णय लिएको हो । नेपालमा पनि सामाजिक सञ्जालका कारण बालबालिका किताबमा होइन्, मोबाइलमा समय खर्च गरिरहेका छन्, किताबमा जानुपर्ने ध्यान मोबाइलमा जाँदा उनीहरुको सिकाइ प्रक्रिया कमजोर बनेको छ । परिवारप्रतिको स्नेह, समाजप्रतिको जिम्मेवारीका बारेमा उनीहरुलाई चासो कम हुन थालेको छ । आत्मकेन्द्रित र एकलकाटे स्वभाव बढ्दै गएको छ । नेपालमा पनि दैनिक तीन/चार घण्टा सामाजिक सञ्जालमा बिताउने बालबालिका अत्याधिक छन् । लामो समय सामाजिक सञ्जालमा समय बिताउने बालबालिका र न्यून समय बिताउने बालबालिकाको तुलना गरेर हेर्‍यौं भने लामो समय सामाजिक सञ्जालमा बिताउने बालबालिकाका आनीबानी र स्वभाव अस्वभाविक देखिने गरेको विभिन्न अध्ययनले देखाएका छन् ।

नेपालसहित अरु मुलुकमा पनि सामाजिक सञ्जालको नियमन गर्न आवश्यक रहेको छ । यो बेला अस्ट्रेलियाको अनुभव हामीलाई काम लाग्न सक्छ । सामाजिक सञ्जाल बन्द वा नियन्त्रणभन्दा नियमन नगर्दा समाज छाडा बन्दै गएको छ । गलत र अतिरञ्जित सूचना प्रवाहले समाज भाँडिएको छ । व्यक्तिको प्रतिष्ठामा आँच पुगेको छ ।

अस्ट्रेलियामा धेरै मानिसले संघीय सरकारले लगाएको १६ वर्षमुनिका बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्धलाई समर्थन गरेका छन् । मोनाश विश्वविद्यालयले गरेको एक सर्वेक्षणअनुसार ७९ प्रतिशतले यस प्रतिबन्धलाई समर्थन गरेका छन् । उमेर समूहअनुसार समर्थन फरक देखियो । १८–२४ वर्षका युवामा समर्थन ७२ प्रतिशत रहेको छ भने ५०-६४ वर्षका बिच ८० प्रतिशत र ६५ वर्ष माथिका समूहमा ८७ प्रतिशत पुगेको छ । समर्थकले यस प्रतिबन्धले युवाको मानसिक स्वास्थ्य, धम्की, चरमपन्थी सामग्री, गलत सूचना र यौन अपराधीबाट हुने जोखिम घटाउने बताएका छन् । विरोधकले भने यसले अभिभावक अधिकारमा हस्तक्षेप गर्ने र सामाजिक जडानमा बाधा पुर्‍याउने आरोप लगाएका छन् । नेपालमा सामाजिक सञ्जालमा कडाई गर्नुपर्ने मत बलियो छ, तर सामाजिक सञ्जाललाई नियमित गर्न खोज्दा बन्द गर्न खोज्यो भन्ने भाष्य खडा गरेर सरकार विरोधी क्रियाकलाप भए । भदौ २३ को जेनजी आन्दोलनको एउटा कारण सामाजिक सञ्जाल निर्वाध खोल्नुपर्छ भन्ने थियो । अब सामाजिक सञ्जाल निर्वाध खोल्ने होइन्, नियमनका लागि पहलकदमी लिनुपर्छ । समाजमा गलत सूचनाले निम्त्याउने जोखिमलाई बेलैमा हेक्का नराख्ने हो भने सामाजिक सञ्जालले समाजलाई झनै अराजक बनाउने छ ।

# राज्यका निकाय सुदृढ नहुँदा देखिने संकट



दीपक रिजाल

राज्यका निकायहरू बलियो, पारदर्शी, उत्तरदायी र समयानुकूल नबनेसम्म देशले स्थिरता, सुशासन र सुरक्षित वातावरणको अनुभूति गर्न सक्दैन । त्यसैले आजको मूल बहस संस्थागत सुधार, स्रोत-साधनको उपलब्धता, सक्षम नेतृत्व र सुरक्षा-प्रशासनिक समन्वयको पुनर्संरचनामा केन्द्रित हुनुपर्छ । राज्य सुदृढ भए नागरिक सुरक्षित हुन्छन् । संस्था कमजोर भए देश नै संकटमा पर्छ ।

नेपालमा पछिल्लो समय देखिएको 'जेनजी आन्दोलन' सधैँझैँ क्षणिक विरोध वा सडकको भीडको रूपमा मात्र बुझ्नु गलत हुन्छ । यसको मूलमा एउटा ठूलो प्रश्न छ । के नेपालका राज्यका निकायहरू वर्तमान आवश्यकताअनुसार सक्षम, जिम्मेवार र सुदृढ छन् त ? आन्दोलनका क्रममा भएको अव्यवस्था, विध्वंस र प्रशासनिक भ्रमले यस प्रश्नलाई अझै तीव्र बनाएको छ । नागरिक आज पनि सोधिरहेका छन्- हुनुपर्ने के थियो तर भयो के ? राज्यले स्थापना गरेका संवैधानिक, सुरक्षा, प्रशासनिक र न्यायिक संरचनाहरू समयानुसार आधुनिक र उत्तरदायी नबनेसम्म नागरिकले भोग्नुपर्ने क्षति दीर्घकालसम्म रहिरहन सक्छ । जेनजी आन्दोलनले उठाएको मूल प्रश्न यही हो । राज्य किन कमजोर देखियो ? राज्यका अंगहरूले किन अपेक्षित रूपमा काम गर्न सकेनन् ?

संस्थागत कमजोरीका कारण हुनुपर्ने के थियो र भयो के ? भन्ने प्रश्न आज हरेक नागरिकको कौतुहलको केन्द्रमा छ । विशेष गरी सुरक्षा क्षेत्र, मानव संसाधन, प्रविधि, स्रोत-साधन र आपतकालीन समन्वयका संरचनामा राज्यले पर्याप्त लगानी गर्न नसक्दा छोटो अवरोधले पनि ठूलो संकटको रूप लिने गरेको छ । संवैधानिक रूपमा खडा गरिएका निकायहरूलाई समयानुकूल आधुनिक नबनाइदिँदा, आवश्यक स्रोत-साधन उपलब्ध नगराइदिँदा र तिनको आन्तरिक कार्यप्रणाली बलियो नबनाइदिँदा तिनै संरचनाहरू राज्यको कमजोरीका उदाहरण बन्न पुगेका छन् ।

नेपालको राजनीतिक इतिहास हेर्दा पटक-पटक भएको परिवर्तन, आन्दोलन र संक्रमणका अवधिहरूमा राज्य संरचना अलमलिने, निर्णय प्रक्रियामा द्विविधा पैदा हुने र सुरक्षा संयन्त्र आन्तरिक रूपमा असंगठित हुने समस्या बारम्बार देखिएको छ । यिनै कारणहरूले प्रत्येक संकटलाई थप जटिल बनाएको देखिन्छ । नेपालमा राज्यका निकायहरू चुस्त-दुरुस्त हुनुपर्ने धेरै अवसरहरू आइरहने गरेका छन्, तर कार्यान्वयन पक्ष सधैँ कमजोर रहँदै आएको छ ।

मानव संसाधनमा लगानी न्यून, प्रशासनदेखि सुरक्षा निकायसम्मै आवश्यक तालिम, दक्षता, मनोबल र प्राविधिक क्षमताको अभाव देखिन्छ । आधुनिक राज्य सञ्चालनमा प्रविधि मेरुदण्ड हो तर नेपालमा कागजी प्रक्रिया, ढिलासुस्ती र पुरानै कार्यपद्धतिका कारण यसले गति लिन सकेको देखिँदैन । तीन सुरक्षा फौज- नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीबिचको संरचनात्मक समन्वय अझै मजबुत बनिसकेको अवस्था छैन ।

नेतृत्व परिवर्तनसँगै नीति परिवर्तन हुने प्रवृत्तिले संगठनहरूलाई स्थिर हुन दिएको देखिँदैन । यी कमजोरीहरू सामान्य अवस्थामा देखिँदैनन्, तर संकटको क्षणमा एकैपटक सतहमा आउँछन् र राज्यलाई नै अक्षम बनाइदिन्छन् । जेनजी आन्दोलनमा यही दृश्य देखियो । प्रशासन त्यसै आत्तिएको, सुरक्षा संयन्त्र अनिर्णयमा र राजनीतिक नेतृत्व मौन वा विभाजित हुँदा राज्यले ठूलो जनधनको क्षति व्यहोर्नुपरेको थियो ।

नेपालका लागि अझ बढी महत्वपूर्ण सिकाइ सुडानबाट आउँछ । त्यहाँ र्‍यापिट सर्पोट फोर्स (आरएसएफ) र सुडानी आर्म फोर्स (एसएएफ) बीचको कडा द्वन्द्व आज विश्वकै एक भीषण मानवीय संकट बनेको छ । यसको मूल कारण भने सरल छ । राज्यले आफ्ना दुई सुरक्षा संरचनालाई एकीकृत गर्न सकेन, नियन्त्रण गर्न सकेन र तिनको आन्तरिक प्रतिस्पर्धा रोक्न सकेन, जसका कारण दुई समूहको भीडन्तमा परेर सन् २०२३ देखि अहिलेसम्म ४० हजार नागरिकले ज्यान गुमाइसकेका छन् ।

**के भयो सुडानमा ?**

संयुक्त राष्ट्रसंघका अधिकांश संरचनाहरू बन्द भएपछि सुरक्षा पूर्णरूपमा शून्य भयो । दुवै पक्षले आफ्नो नियन्त्रण विस्तार गर्न युद्ध शुरु गरे । बस्ती, बजार, अस्पताल, विद्यालय सबै युद्धभूमि बने । दर्जनौं नागरिक दैनिक मारिन थाले भने सयौं घाइते भए । पानी, खाना, औषधिजस्ता आधारभूत वस्तु नपाएर लाखौं मानिस विस्थापित भए ।

विश्लेषकहरू भन्छन्- यदि सुडानी राष्ट्रपतिले आरआरएफ र एसएएफलाई समयमै एकीकृत गरेर एकल राष्ट्रिय सेना बनाएको भए यो संकट उत्पन्नै हुँदैनथ्यो । सुडानको यस्तो भयावह उदाहरणले विश्वलाई स्पष्ट गरिदिएको छ । त्यो हो कमजोर राज्य संरचनाले देशलाई युद्धतिर लैजान सक्छ ।

त्यसैले राज्यले आफ्ना आधारभूत संरचनालाई समयमा नै समयसापेक्ष बनाउन सक्नुपर्दछ । कसको जिम्मेवारी के हो ? त्यही अनुरुप जिम्मेवारी दिन सक्नुपर्दछ । जिम्मेवारी दिएर मात्र राज्यको दायित्व पूरा हुँदैन, उनीहरुलाई चाहिने हरप्रकारको सुविधा उपलब्ध गराउन सक्नुपर्दछ ।

**नेपालका लागि ठूलो पाठ**

नेपाल सुडानजस्तो अवस्थातिर जान्छ भन्ने होइन, तर राज्य संरचनाको कमजोरीले कस्तो परिणाम दिन सक्छ भन्ने चेतावनी भने सुडानले स्पष्ट देखाइदिएको छ । नेपालमा तीन सुरक्षा फौज छन् । नेपाल सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल यी सबैले आ-आफ्नो भूमिकाबारे एकदमै स्पष्ट, अनुशासित र समन्वित हुनुपर्छ । राज्यले उनीहरूलाई आधुनिक बनाउने, प्रविधियुक्त बनाउने, आवश्यक बजेट सुनिश्चित गर्ने, यी सबै जिम्मेवारी पूरा गर्नै पर्छ । अन्यथा क्षणिक राजनीतिक विवादले पनि गम्भीर सुरक्षा संकट निम्त्याउन सक्छ । यसबाहेक निजामती सेवा पनि उत्तिकै महत्वपूर्ण छ । नेपालमा प्रशासन नै राज्य सञ्चालनको मेरुदण्ड हो । यदि प्रशासन ढिलो, अस्थिर र अनुत्तरदायी छ भने लोकतन्त्र मात्र होइन, विकास-व्यवस्था दुवै तहसनहस हुन सक्छ ।

कुनै पनि संस्थाको अर्थ राज्यले बनाएको संरचना मात्र होइन, यसको आत्मा भनेको स्वधर्म हो । आफ्नो जिम्मेवारी इमानदारीका साथ पूरा गर्नु, कानुनले दिएको सीमा नाघ्न नखोज्नु, नागरिकप्रतिको उत्तरदायित्व बिर्सिनु नहुने र राज्यले दिएको भूमिकामा सर्वोत्तम दक्षता प्रदर्शन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । नेपालका धेरै निकाय एवं संरचना त छन्, तर स्वधर्म निभाउने संस्कार दुर्बल छ । यही कारणले प्रत्येक आन्दोलन, संकट, राजनीतिक संक्रमण वा प्रशासनिक अव्यवस्थामा ती निकायहरू तुरुन्तै हच्किन्छन् ।

नेपालले जेनजी आन्दोलन, सुडान संकट र आफ्नै विगतका अनुभवबाट तीन ठूला पाठ सिक्नै पर्ने देखिन्छ । ती हुन्- संस्थागत क्षमता निर्माणमा दीर्घकालीन लगानी, मानव संसाधन, प्रविधि, तालिम र मनोबल । यी सबै क्षेत्रमा दीर्घकालीन योजना, सुरक्षा फौजबिच संरचनात्मक र नीतिगत समन्वय, स्पष्ट अधिकार क्षेत्र, कमान्ड संरचना र आपतकालीन प्रतिक्रिया प्रणाली हुनुपर्छ । यी सबै आधुनिक राज्यका मूल आधार हुन् । प्रशासनिक सुधारलाई प्राथमिक राष्ट्रिय एजेन्डा बनाउनुपर्छ । निजामती सेवा सुधारविना सुशासन सम्भव छैन ।

उत्तरदायित्व र पारदर्शिता बढाउन आधुनिक प्रणाली लागू गर्नुपर्ने बेला आइसकेको छ । जेनजी आन्दोलनले एउटा यस्तो प्रश्न उठायो, जसलाई बेवास्ता गर्न अब राज्यले सक्दैन । अहिले एउटा प्रश्न खडा भएको छ । तिमीले बनाएका निकाय कति सक्षम छन् ? सुडानले देखाइदिएको छ- कमजोर संरचनाले राष्ट्रलाई कसरी युद्धमा फसाउन सक्छ । नेपालका विगतका घटनाले देखाइसकेको छ । संकटका समयमा राज्य स्वयं अलमलिन सक्छ । नागरिक आज पनि भन्दै छन्- अब संरचना बलियो बनाऊ, जिम्मेवारीमा कठोर बनाऊ र संस्थालाई समयानुकूल बनाऊ । राज्यले यदि यिनै पाठ आत्मसात् गर्दै अगाडि बढ्यो भने मात्र नेपालले स्थिरता, सुशासन र सुरक्षित भविष्यको अनुभूति गर्न सक्छ । अन्यथा हरेक आन्दोलन, हरेक संकट, हरेक अव्यवस्थामा उही प्रश्न दोहोरिन्छ- हुनुपर्ने के थियो, भयो के ?

राज्यका निकायहरू बलियो, पारदर्शी, उत्तरदायी र समयानुकूल नबनेसम्म देशले स्थिरता, सुशासन र सुरक्षित वातावरणको अनुभूति गर्न सक्दैन । त्यसैले आजको मूल बहस संस्थागत सुधार, स्रोत-साधनको उपलब्धता, सक्षम नेतृत्व र सुरक्षा-प्रशासनिक समन्वयको पुनर्संरचनामा केन्द्रित हुनुपर्छ । राज्य सुदृढ भए नागरिक सुरक्षित हुन्छन् । संस्था कमजोर भए देश नै संकटमा पर्छ ।

समाचारपत्रबाट

# के सबै दुखाइ बाथ रोग हुन् ?

डा. अरुणकुमार गुप्ता

बाथलाई आर्थराइटिस भनिन्छ । शरीरका हाडजोर्नी, नसा तथा मांसपेसी दुखेर उत्पत्ति हुने रोग नै बाथ हो । तराईतिर यसलाई गठिया भनिन्छ ।

बाथ सयौं प्रकारका हुन्छन् । तर, कुन मानिसलाई कस्तो प्रकारको बाथ भएको हो, पहिचान गरेर उपचार गरिन्छ । हरेक बाथका आ-आफ्नै कारण हुन्छन् । यो दुखाइबाट हुने रोग भए पनि हरेक दुखाइचाहिँ बाथ नहुन सक्छ ।

**किन हुन्छ बाथ ?**

बाथ जन्मेदेखि कुनै पनि उमेर समूहकालाई हुनसक्छ र यो कुनै जीवाणु या किटाणुले हुने होइन, शरीरभित्रैबाट उत्पत्ति भएर हुन्छ । बाथ किन हुन्छ भन्ने कुरा अहिलेसम्म पत्ता लाग्न सकेको छैन । वंशाणुगत, खानपान, रहनसहनजस्ता कारणले हुने सम्भावना हुन्छ । तर, जीवाणु या कीटाणुबाट हुने सम्भावना भने अन्यन्त न्यून हुने गर्छ ।

विशेषगरी बाथलाई हामी ३ भागमा विभाजन गर्न सक्छौं । एउटा हो बालबालिकालाई हुने बाथ । एकदेखि १२ वर्षसम्मका बालबालिकालाई हुने बाथलाई 'जुभिनाइल इडियोपेटिक आर्थराइटिस' भनिन्छ । दोस्रो १५ देखि ४० वर्ष उमेर समूहका लागि हुने र तेस्रो ४० वर्षमाथिका लागि हुने बाथ रोग ।

अर्थात्, यो रोग महिला, पुरुष, बालबालिका, वयस्क जसलाई पनि र जुन उमेर समूहका लाई पनि हुन सक्छ । तर कुनै-कुनै बाथ, जस्तो 'र्‍युमाटाइड आर्थराइटिस' महिलालाई बढी हुन्छ । कहिलेकाही जिनका कारणले पनि महिलालाई बढी बाथ हुने गर्छ ।

बाथ कुनै सरुवा रोग होइन । तर, आमाका कारण जन्मेको शिशुलाई कहिलेकाहीँ बाथ हुन्छ । आमालाई बाथ हुँदा गर्भको शिशुको मुटुका धमनी पनि कहिलेकाहीँ अवरुद्ध भइदिन्छ ।

वयस्क उमेर अर्थात् १५ देखि ४० वर्षसम्म हुने बाथचाहिँ कम्मर तथा मेरुदण्डको हड्डी दुखेर उत्पन्न हुन्छ । ४० वर्षमाथिको उमेर समूहमा भने घुँडा खिइएर बाथ उत्पन्न हुन्छ । र, लक्षण हेरेर कस्तो प्रकारको बाथ हो भन्न सकिन्छ ।

**दुखाइ बाथ हो कि होइन कसरी थाहा पाउने ?**

दुखाइ भन्नेबित्तिकै हामी बाथ नै हो भनेर सोंच्छौं । तर, हरेक दुखाइ बाथ हुन्छ भन्ने होइन ।

ब्याक पेनलाई हामी दुई भागमा विभाजन गर्न सक्छौं-मेकानिकल र इन्फ्लामेटोरी । चोटपटक लाग्दा, गहुँग्रो सामान उठाउँदा कैयौं दिन ब्याक पेन हुन्छ । यस्तो दुखाइ केही दिन या केही सातामै निको हुन्छ । आराम गर्दा कम हुने र हिँड्डुल या काम गर्दा पुनः दुख्ने हुन्छ । यो बाथ होइन ।

अर्को दुखाइ शरीरभित्रैबाट उत्पत्ति हुन्छ, जुन बाह्य कारणसम्बन्धित हुँदैन । 'इन्फ्लामेट्री पेन' भनिने यो दुखाइ शरीरभित्र मेरुदण्डको हड्डीबाट उत्पत्ति हुन्छ ।

यसको दुखाइचाहिँ बिहान उठ्दा महसुस गर्न सकिन्छ । मेरुदण्डको हड्डी तथा कमर अररो भएर निहुरिनै गाह्रो हुन्छ । खासगरी, बिहान ५ देखि १० बजेसम्मको समयमा एकदम दुख्ने हुन्छ । घाम लागेपछि र शारीरिक क्रियाकलाप बढाउँदै जाँदा कम हुँदै जान्छ ।

ब्याक पेन भनेको गर्धनदेखि कुरकुरे हड्डीसम्मको भाग समेटिन्छ । यसलाई हामी ३ भागमा विभाजन गर्न सक्छौं । माथिको भाग गर्धनको हड्डी, बीचको मेरुदण्डको हड्डी र अर्को तल्लो भागको हड्डी । यो दुखाइ पुरुषमा बढी हुन्छ भने महिलामा १ प्रतिशतमात्र हुन्छ ।

**शरीरका अन्य अंगलाई पनि असर गर्छ बाथले**

बाथको सुरुवात सामान्य रुपमै हुन्छ । तर, समय बित्दै जाँदा यसले नराम्रो रुप लिन सक्छ । जस्तो, मेरुदण्डको हड्डीबाहेक घुँडा दुख्ने, सुन्निने, घुँडामा पानी जम्ने, गोलीगाँठा दुख्ने हुन्छ । समयमै उपचार गरिएन भने यसले मेरुदण्डको हड्डीलाई बाँस आकारको बनाइदिन्छ ।

ब्याक पेनबाहेक 'एक्स्ट्रा आर्टिकुलर मेनिफेस्टेसन' पनि भनिन्छ । बाथ रोगले अन्य अंगमा पनि असर गर्न सक्छ । जस्तै, कहिलेकाही आँखा रातो बनाउने, आँखा धमिलो हुने, दुवै या एउटा आँखा र गर्धनको हड्डीको मुभमेन्टमै समस्या आउने हुनसक्छ ।

कहिलेकाही मुखको अल्सर देखा पर्न सक्छ, मुखभित्रको घाउका कारण खाना खान अप्ठेरो हुने र कहिलेकाही श्वासप्रश्वास प्रणालीमा पनि असर पुग्न सक्छ ।

सामान्यतः हामीले श्वास लिँदा फोक्सो तन्कने, खुम्चने गर्छ । तर, बाथ रोगका कारण फोक्सोको गति या तन्काइमा पनि असर गर्छ, जसले गर्दा फोक्सोको रोग उत्पन्न हुन सक्छ । यसका साथै पेटको ठूलो तथा सानो आन्द्रा, मुटु, पिसाब नलीजस्ता अंगमा पनि असर गर्न सक्छ । त्यसैले बाथ रोगलाई सामान्य रुपमा नलिई समयमै उपचार गर्नुपर्छ ।

**उपचार विधि के ?**

बाथ दीर्घकालीन रोग हो । तत्काल अर्थात् आजको भोलि निको हुँदैन । जति बढी चाँडो चिकित्सकको सम्पर्कमा पुग्यो, उति नै चाँडो निको हुन्छ ।

कस्तो उपचार पद्धति अपनाउने भन्दा पनि रोग बाथ हो कि होइन भनेर यकिन गर्नुपर्छ । उपचारलाई पनि हामी चार भागमा विभाजन गर्छौं । बिरामी महिला तथा पुरुष कसलाई लागेको हो, कुन उमेरको हो, यकिन गरेपछि उपचार गरिन्छ ।

उपचारको प्रक्रिया काउन्सिलिङबाट सुरु हुन्छ । रोग लाग्नुको कारण पहिचान गरिन्छ । बाथले अन्य अंगमा पनि असर गर्न सक्ने भएकाले चिकित्सकको मुख्य प्राथमिकता बिरामीको जीवन बचाउने हुन्छ ।

**बाथ रोगीले कस्ता कुरामा ध्यान दिने ?**

बाथ रोगमा औषधिसँगै जीवनशैली परिवर्तन गर्ने, सन्तुलित आहार लिने, दैनिक शारीरिक अभ्यास गर्ने, फिजियोथेरापी, योगा, मसाजजस्ता कुराहरु पनि उपचारकै अंग हुन् । विशेषगरी अनियन्त्रित रुपमा अस्वस्थकर खानपान गर्ने, मदिरा बढी सेवन गर्ने हाइ प्रोटिन बढी खानेहरुलाई बाथ हुने जोखिम बढी हुन्छ । अहिले शहरी जनसंख्यामा बढी बाथ रोग देखिने कारण पनि यिनै हुनु । यस्तै, तौल बढी भएकाहरुलाई पनि बिस्तारै काउन्सिलिङ गरेर अघि बढिन्छ ।

**अन्त्यमा**

बाथ दुखाइको रोग हो । लक्षण देखिएमा यसलाई सामान्य रुपमा नलिई जतिसक्दो चिकित्सकको परामर्श लिनुपर्छ । जति चाँडो रोग पहिचान हुन्छ, उति चाँडो यसको निदान हुन्छ ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार दोहोरो अङ्कले घटेको छ । नेप्से परिसूचक १२ दशमलव ५० अङ्कले घटेर दुई हजार ५९४ दशमलव ८७ को बिन्दुमा कायम भएको हो ।

३३० कम्पनीको एक करोड १२ लाख ७२ हजार १६८ कित्ता शेयर ६० हजार ६९९ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ७४ लाख ५५ हजार ७७ को कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा बैंकिङ र म्युचुअल फण्ड उपसमूह सामान्य अङ्कले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सिटी होटल लिमिटेडको शेयर मूल्य छ दशमलव २६ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी कुमारी बैंक लिमिटेड (प्रमोटर) को रु २६ करोड १८ लाख ५५ हजार ९३० बराबरको २४ लाख ९३ हजार ८६६ कित्ता शेयर किनबेच भएको छ ।

**लम्बियो...**

त्यस क्रममा वरिष्ठ उपाध्यक्ष पोखरेल अध्यक्ष ओलीप्रति आक्रोशित भएका हुन्

उनले गत भदौमा भएको विधान महाधिवेशनमा ओलीकै आग्रहअनुसार पदाधिकारी तथा केन्द्रीय सदस्य संख्या घटाएको स्मरण गराउँदै अहिले फेरि विधान संशोधन गर्ने हो भने २ कार्यकालको कुरा पनि ब्युँताउन माग गरेका थिए

'के हाम्रो विधान अस्थायी हो? जे अनुकूल हुन्छ, त्यही गर्दै जाने हो ? हिजो विधान महाधिवेशनअगाडि संख्या घटाऊँ भन्ने तपाईंहरू नै होइन ? वैधानिक विषयअनुसार चलौँ, महासचिवले प्रस्तुत गरेको कार्यसूचीअनुसार चलौँ दायाँबायाँ नगरौँ', पोखरेलले बैठकमा भने-'२ कार्यकालबारे पनि कुरा उठेको छ, यसबारे छलफल नहुने ? अरू बाहेक हुने ? यस्तो तर्कले हामीलाई कता पुऱ्याउँछ ?'

केन्द्रीय कमिटीले विधान संशोधन गर्ने निर्णय गरेसँगै अब एमालेमा दसौं महाधिवेशनकै जस्तो १९ पदाधिकारीसहित ३०१ सदस्यीय केन्द्रीय कमिटी हुने भएको छ जसअनुसार एमालेमा अध्यक्षसहित उपाध्यक्ष ५, महासचिव, उपमहासचिव ३ र सचिव ९ जना रहने भएका छन् यस्तै पोलिटब्युरो कमिटी ९९ सदस्यीय हुनेछ भने स्थायी कमिटीमा यसको एकतिहाइ सदस्य रहनेछन्

यसअघि गत भदौमा मात्र भएको विधान महाधिवेशनले १५ पदाधिकारी मात्र कायम गर्दै केन्द्रीय कमिटी २५१ सदस्यीयमा झारेको थियो भने स्थायी कमिटी नराख्ने निर्णय गरेको थियो

उतानेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले संसारभरिका विरोधीहरूले आफूलाई एक्लो व्यक्ति झैँ बनाउँदै निरन्तर आक्रमण गरिरहेका बेला पार्टीभित्रका सहकर्मीहरूले अझै बलियो साथ र माया देखाउनुपर्ने बताएका छन् बन्दसत्रलाई सम्बोधन गर्दै उनले भने-'दुनियाँ विरोधीहरूले लखेटेर अरू कोही नपाएजसरी केपी ओली एक्लो व्यक्तिलाई गालीगलौज र सत्तोसराप गरिरहेका बेला वरिपरिका प्रिय कमरेडहरूले झन् माया गर्नुपर्ने होइन र ?'

वरिष्ट उपाध्यक्ष ईश्वर पोखरेलतर्फ लक्षित गर्दै ओलीले आफूलाई 'डोकोमा हालेर फाल्छौँ' भन्नेले पछि अरुलाई पनि बाँकी नराख्ने टिप्पणी गरे 'कुसमयमा मलाई फाल्न डोको खोजिन्छ भने फेरि साथीहरूले ईश्वर कमरेड डोको फिर्ता लैजाऊँ है, तपाईँलाई पनि फाल्नुपर्छ भन्छन्,' उनले भने-'मेरो तर्फबाट घच्चमच्च भएको छ भने सरी'

**एमाले...**

कार्की नगर प्रमुख हुँदा रुपन्देहीमा अन्तरपालिका सहकार्यमा फोहोर व्यवस्थापन,अन्तरपालिका सार्वजनिक यातायात, नगर चक्रपथ, बेघरबारलाई आवास, सरकारी विद्यालयमा कम्प्युटर शिक्षालगायत नमूना काम र अवधारण अघि सारेका थिए २०७९ को निर्वाचनमा विष्णु पौडेलको जितमा कार्कीको भूमिका महत्वपूर्ण थियो कार्कीसहितको रास्वपा प्रवेशले रुपन्देही २ मा एमाले र नेपाली कांग्रेसलाई धक्का लाग्ने राजनीतिक विश्लेषकहरु बताउँछन् यसअघि नेपाली कांग्रेस नगर सभापति राजबहादुर क्षेत्री पनि रास्वपा प्रवेश गरेका थिए

कार्कीलाई रास्वपा प्रवेश गराएपछि बोल्दै पार्टी उपसभापति स्वर्णिम वाग्लेले आगामी चुनावमा मतदानबाट उथलपुथल ल्याउने बताए

**कांग्रेस...**

अख्तियारले फरक फरक प्रतिवादीहरुलाई फरक फरक बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल हुन र ऐ.ऐनको दफा २४ बमोजिम थप सजाय गरी पाउन समेतको मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरेको थियो

विशेष अदालतले २०८१ भदौ १६ को फैसलाबाट आंशिक सफाइ दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मंसिर २८ गते सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जनाएका छन्

**प्रादेशिक...**

सम्पूर्ण संरचनालाई सुरक्षित राख्न ग्रान्युलर जोनसहित आधुनिक प्रविधि अपनाइने भएको छ

निगमले हालका परियोजनाहरुबाट स्वदेशी जनशक्तीकै प्रयोगबाट ठुला परियोजनाको डीपीआर बनाउन सकिन्छ भन्ने उदाहरण समेत प्रस्तुत गर्न सफल भएको छ सिनामंगल स्थित हवाई इन्धन डिपोको बिस्तृत परियोजना प्रतिवेदन समेत त्रिभुवन विश्वविद्यालयको इञ्जिनियरिङ्ग अध्ययन संस्थानको कन्सल्टेन्सी सेवाले तयार गरेको थियो भने पोखरा हवाई इन्धन डिपो समेत सोही संस्थाले तयार गरेको थियो, स्वदेशी पुँजी र सिपको प्रयोगले ठुला परियोजना सफल बनाउन सकिने उदाहरण निगमले प्रस्तुत गरेको परियोजना प्रमुख उपनिर्देशक प्रदीप यादव बताए

डिपो निर्माणका लागि रोहिणी र ओमसतिया गाउँपालिकामा आयल निगमले साढे ११ बिघा जग्गा खरिद गरिसकेको छ सो क्षेत्रमा रहेको थप साढे ८ बिघा पर्ति जग्गा निगमको स्वामित्वमा ल्याउन गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, रुपन्देहीबाट पहल भएको निगमले जनाएको छ जग्गा प्रवेश गर्ने मूलबाटोसँग जोडिएको करिब साढे पाँच बिघा पनि जग्गा प्राप्ति ऐन, ०३४ अनुसार प्राप्ति गर्न प्रकृया थालनी भएको छ डिपो निर्माणका लागि आसपासका ९७ घरधुरीले लिखित सहमति जनाइसकेकाले परियोजना सहज रूपमा अघि बढेको निगमले जनाएको छ यसरी करिब साढे २५ बिघा फराकिलो क्षेत्रफलमा आयल निगमको आधुनिक र सुविधा सम्पन्न लुम्बिनी प्रादेशिक कार्यालय निर्माण हुने प्रकृया अघि बढेको र तीन वर्षभित्र सम्पूर्ण परियोजना सम्पन्न गर्ने लक्ष्य छ

लुम्बिनी प्रदेशमा इन्धन वितरणका लागि अहिले रुपन्देहीको भलबारीमा रहेको आयल निगमको प्रादेशिक कार्यालय बस्तीको बिचमा भएकाले सार्नका लागि स्थानीयले पटक पटक दबाब दिँदै आएका छन् २०३६ मा डिपो स्थापना डिपो स्थापना हुँदा भलबारी विकसित भएको थिएन अहिले पेट्रोलियमको खपत पनि बढयो र बजार पनि विस्तार भएकोले चार बिघा १४ कट्ठामा फैलिएको सो डिपो अहिले बस्तीको लागि असुरक्षित छ भलबारी डिपोमा जग्गा अभावका कारण तत्काल भण्डारण क्षमता र पार्किङ् क्षेत्र विस्तार गर्नसक्ने अवस्था नरहेकोले बैकल्पिक रुपमा स्थानान्तरण गर्न लागिएको हो

रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी र रुकुम पूर्वसहित बागलुङ्का केही पम्पमा इन्धन आपूर्ति गर्दै आइरहेको छ सो डिपोअन्तर्गत २०० भन्दा बढी डिलर सञ्चालित छन् डिपोमा इन्धन ल्याउने र डिलरमा पुऱ्याउन करिब ३०० ट्रक ट्यांकर छन् भलबारी डिपोमा अमलेखगञ्जबाट डिजेल तथा पेट्रोल भारतको बेतालपुर डिपोबाट आयात हुँदै आएको छ भलबारी डिपोमा हाल पेट्रोलको ५१९ किलोलिटर, डिजेल तीन हजार ५० किलोलिटर र मट्टितेलको भण्डारण क्षमता १४० किलोलिटर रहेको छ

दैनिक ३०० किलोलिटर पेट्रोल, सात सय किलोलिटर डिजेल र १२ किलोलिटर मट्टितेल बिक्री हुँदै आएको छ सरकारले हरेक प्रदेशमा तीन महिनासम्म पुग्ने भण्डारण क्षमता वृद्धि गर्ने भने पनि बिक्री अवस्थाका आधारमा सो डिपोको मौज्दात न्यून छ बस्ती बिचमा भएको डिपोमा सामान्य दुर्घटना हुँदासाथ ठूलो धनजनको क्षति हुने जोखिम भएकाले निगमले सार्न लागेको हो वर्तमान समयको खपत परिमाणको तुलनामा हालको भण्डारण क्षमता अत्यन्त न्यून हो भलबारी डिपो विस्तार गर्न असम्भव भएकाले नयाँ डिपो निर्माण अपरिहार्य भएको हो नयाँ अत्याधुनिक भण्डारण डिपो सञ्चालनमा आएपछि इन्धन आपूर्तिमा सुधार ल्याउनुका साथै नेपालको लुम्बिनी प्रदेशमा ऊर्जा सुरक्षा र आपूर्ति व्यवस्थापनलाई दीर्घकालीन रूपमा सुदृढ पार्ने विश्वास गरिएको छ यसले आकस्मिक संकट व्यवस्थापन सहज हुने र वितरण प्रणाली अझ प्रभावकारी बन्ने निगमको अपेक्षा छ


## काठ दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

पहिलो पटक सुचना प्रकाशन मिति २०८२/०८ /२९

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएको विभिन्न जातको जम्मा गोलिया ३३८ थान जम्मा परिमाण काठ ३७४७.४३ क्यू फिट जे जस्तो अवश्थामा छ सोहि अवश्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढावट प्रकृयाद्धारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फाराम खरिद गरि २२ दिन शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समुह**
**सुनवल-३, नवलपरासी**

## Rambha Rural Municipality
### Office of Rural Executive
**Pipaldada, Palpa**
**Lumbini, Province, Nepal**

### NOTICE OF INVITATION FOR BIDS (E-BIDDING ONLY)

(First Publication Date: 15-Dec-2025 (2082/08/29)

1. Rambha Rural Municipality, office of Rural Municipal executive invitesonly electronic bids from eligible bidder's for the following works under the National Competitive Bidding (NCB) Single Stage Two Envelope Procedure.

| Contract Identification No | Description of works | Average Annual Construction Turnover | Value of Works for Similar Size and Nature | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| RRM/NCB/ Works /082/083-09 | Construction of Foksingkot Health Post Building | NRs.22 Million | NRs. 7.3 Million | NRs.4,55,000/- | NRs.5000/- |

2. Bidder may download the bidding Document and submit their bids electronically through www.bolpatra.gov.np/epg as specified in bid document.

Chief Administrative Officer
Rambha Rural Municipality

## Sandhikharka Municipality
### Office of Municipal Executive
**Sandhikharka, Arghakhanchi**

### Invitation for Electronic Bids

**Date of publication: 2082/08/29 (15th December, 2025)**

1. Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| NCB/ SM/R/P/ 13/2082 /83 | Balewang Mathura Jareykhola Jogimare Road Upgrading Sandhikharka 4,5,11&12 | 55,10,185.33 | 3,000.00 | 1,68,000.00 | 120 days | 14th Jan. 2026 (2082/9/30) 12:00 Noon. | 14th Jan. 2026 (2082/9/30) 1:00 PM. |
| NCB/ SM/R/P/ 14/2082 /83 | Dhadkhola Neupane Tole Road Upgrading Sandhikharka 6 | 39,72,669.50 | | 1,21,000.00 | | | |
| NCB/ SM/R/P/ 15/2082 /83 | Pathsala Rasichour Road Upgrading Sandhikharka 9 | 43,28,600.97 | | 1,32,000.00 | | | |
| NCB/ SM/R/P/ 16/2082 /83 | Nangethati to Bhumika Mandir Road Upgrading Sandhikharka -4 | 2,156,606.59 | | 66,000.00 | | | |
| NCB/ SM/R/P/ 17/2082 /83 | Deuralidanda Road Upgrading Sandhikharka -4 | 2,170,378.48 | | 66,000.00 | | | |
| SQ/ SM/R/P/ 18/2082 /83 | Rajupani Faleka Pokhara Khada Road Dhalan Sandhikharka 9 | 1,294,267.55 | 1000.00 | 40,000.00 | 75 days | 31st Dec. 2025 (2082/9/16) 12:00 Noon. | 31st Dec. 2025. (2082/9/16) 1:00 PM. |
| SQ/ SM/R/P/ 19/2082 /83 | Pokhedada Bhedawari Trout Machhapalan Motarbato Sandhikharka 6 | 11,83,735.64 | 1000.00 | 36,000.00 | | | |
| SQ/ SM/G/V/ 20/2082 /83 | Procurement and Supply of medicine for animals and birds | - | 1000.00 | 29,000.00 | | | |
| SQ/ SM/G/H/ 21/2082 /83 | Procurement and Supply of Electronic Devices | - | 1000.00 | 22,000.00 | | | |

**Information to deposit the cost in the Bank:**
–Name of the Bank: RastiyaBanijyaBank, Sandhikharka, Arghakhanchi
–Name of Office: Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
–Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
–Name of Office Account: SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## LUMBINI PROVINCIAL GOVERNMENT
**MINISTRY OF ENERGY WATER RESOURCES AND IRRIGATION**
**GROUNDWATER RESOURCES AND IRRIGATION DEVELOPMENT DIVISION OFFICE**
**RUPANDEHI**

### Notice for Invitation of Online Bids

**(First Date of Publication: 2082/08/29(Dec-15,2025))**

Groundwater Resources& Irrigation Development Division Office, Rupandehi invites Online bids only under e-procurement system from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Contract No | Description of Works | Cost Estimate (Without VAT & PS) | Bid Document Fee ( NRs.) | Bid Security Amount (NRs.) | Bid/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | GWRIDD/ STW/NCB/ 10/2082-83 | Construction of Shallow Tubewell including supply and installation of Pumping Sets and Accessories at Susta-1 Nawalparasi (Bardhaghat Susta West) | 4409366.57 | 3000.00 | 1,10,000.00 | 90/120 days from last date of bid submission. |

**Division Chief**

## माउण्ट एभरेष्ट डिष्टिलरी लि.
**तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही**

### मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८२।०८। २९ गतेदेखि नेपालभर लागू हुने गरी मूल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

| Brand Name | UP | ML | ND Price | ND commission | Distributors | Distributors Price | WS Price | WS comm. | Retail Price | Retail comm. | Consumer Case | Consumer Unit |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Wild Fire | 40 | 750 | 11970 | 480 | 12450 | 654 | 13104 | 688 | 13792 | 848 | 14640 | 1220 |
| | | 375 | 11970 | 480 | 12450 | 654 | 13104 | 688 | 13792 | 848 | 14640 | 610 |
| | | 180 | 11970 | 480 | 12450 | 654 | 13104 | 688 | 13792 | 848 | 14640 | 305 |

**उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु .अ . कर समावेश गरिएको छ।**

उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ। साथै सो बिक्री मूल्यहरुमा व्यवसायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ।

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी



बागलुङ जिल्लाको ताराखोला गाउँपालिका-६ मा उत्पादन भएको किवी फल नवलपरासीको सदरमुकाम स्थित परासीमा। बागलुङ जिल्लाको ताराखोला गाउँपालिका ६ मा उत्पादन भएको किवी बिक्री गर्दै किसान । तस्विरः गौरीशंकर जयसवाल

# ग्रिल व्यवसायी संघको अध्यक्षमा मीना



बुटवल। ग्रिल स्टिल तथा अल्मुनियम व्यवसायी संघ रूपन्देहीको आठौं अधिवेशनबाट अध्यक्ष पदमा मिना थापा तुलाधर सर्वसम्मत निर्वाचित भएकी छन् ।

यस्तै वरिष्ठ उपाध्यक्षमा टोलराज डम्बरपाल, प्रथम उपाध्यक्षमा बोमबहादुर थापा, द्वितीय उपाध्यक्षमा रमेश सुवेदी, तृतीय उपाध्यक्षमा मोतीलाल घर्ती मगर, महासचिवमा विष्णुबहादुर राना, कोषाध्यक्षमा विकास श्रेष्ठ र सचिवमा नारायणप्रसाद नेपाल निर्वाचित भएका छन् ।

यसैगरी कार्यसमिति सदस्यहरूमा भीमबहादुर विश्वकर्मा, रामु तेली, गंगाप्रसाद न्यौपाने, सुरज राना र सूर्य सोमै थापा तथा लेखा समिति संयोजकमा युवराज कार्की र सदस्यमा छवि रास्कोटी मगर निर्वाचित भएका प्रमुख निर्वाचन आयुक्त मोहनप्रसाद भट्टराईले जानकारी दिए । संघमा करिब ४ सय व्यवसायी आबद्ध छन् ।

# अन्तर विद्यालयस्तरीय छात्रछात्रा कबड्डी सुरु




बुटवल । बुटवल नगर खेलकुद विकास समितिको आयोजनामा आइतबारदेखि अन्तर विद्यालयस्तरीय छात्र, छात्रा कबड्डी प्रतियोगिता बुटवलमा सुरु भएको छ ।

आगामी पुस १ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नगरका १७ वटा छात्र र १४ वटा छात्राको टीम गरी ३१ टीमबाट ३१० जना खेलाडी सहभागी रहेको बुटवल नगर खेलकुद विकास समितिका अध्यक्ष बोनिन पियाले बताए।

प्रतियोगिताको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेले पालिकाले खेलकुदलाई बढी महत्वमा राखेर अधिक कार्यक्रम राखेकाले शाखाहरुले खेल तालिका बनाउन समेत समस्या हुने गरेकोले विद्यालयसँग समन्वय गरी विद्यार्थीको पढाइ र परीक्षालाई असर नपर्ने गरी तालिका बनाउन सुझाव दिएको जनाए। नगरप्रमुख पाण्डेले अब देखि आगामी जेठ मसान्तसम्म बुटवल खेलकुदमय हुने धारणा समेत राखे । नगरप्रमुख पाण्डेले देश भरीमै खेलकुदको क्षेत्रमा बढी रकम विनियोजन गर्ने पालिकाको रुपमा बुटवल रहेको धारणा राखे ।

कार्यक्रममा नगरप्रमुख पाण्डेले पालिकाले सीपसँग युवा, शिक्षासँग युवा खेलकुदसँग युवा र संस्कारसँग युवालाई जोडेर कार्यक्रम बनाएको सुनाए । उद्घाटन समारोहमा नगरप्रमुख पाण्डेले बुटवल उपमहानगरपालिकाले सांस्कृतिक, भौगोलिक, सीप र संस्कारलाई जोडेर पहिचानसहितको शिक्षालाई अगाडि बढाएको समेत बताए।

तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा छात्र र छात्रा दुवैतर्फका प्रथम हुनेले २० हजार, दोस्रो हुनेले १० हजार, तेस्रो हुनेले ५ हजार, उत्कृष्ट रेडरले १ हजार र उत्कृष्ट डिफेन्डरले १ हजार मेडर ट्रफी र प्रमाणपत्र पाउने खेल संयोजक शेरजंग गुरुङले जानकारी दिए । प्रतियोगिताको सञ्चालन बुटवल नगर खेलकुद विकास समितिका सदस्य लालहरि पाण्डेले गरेका थिए।

# प्रदेशस्तरीय आशिष कप ब्याडमिन्टन पुसको दोस्रो हप्ता



बुटवल । चौथो संस्करणको लुम्बिनी प्रदेशस्तरीय आशिष कप ब्याडमिन्टन प्रतियोगिता पुसको १० गतेदेखि हुने भएको छ। प्रतियोगितामार्फत् ब्याडमिन्टल खेल र खेलाडीको विकासमा योगदान दिँदै आएको आशिष स्टेशनरी तथा आशिष स्पोर्टस् एण्ड म्युजिक सेन्टरको आयोजनामा पुस ११, ११ र १२ गते तीन दिने प्रतियोगिता हुने भएको हो।

आइतबार बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको जानकारी गराए। तिलोत्तमा नगरपालिकास्थित फिट एण्ड फाइन ब्याडमिन्टन कोर्टमा हुने मेन्स सिङ्गल, मेन्स डबल्स र भेट्रान्स (४५ वर्षमाथि) र सुपर भेट्रान्स (५५ वर्षमाथि) गरि ४ ईभेन्टको खेल सञ्चालन हुने आशिष स्पोर्टस्का सञ्चालक आयुषकृष्ण श्रेष्ठले बताए।

युवा देखी भेट्रान्स उमेर समूहलाई समेटेर प्रतियोगिता आयोजना गर्दै आएको उनले बताए । प्रतियोगितामा मेन्स सिगलमा प्रथम टिमलाई १५ हजार, द्वितीयलाई ८ हजार र तृतीय टिमलाई ५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ।

यसैगरी मेन्स डबल्सको प्रथम टिमले ३५ हजार, द्वितिय टिमले २० हजार र तृतीय टिमले १५ हजार रुपैयाँ कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत हुनेछन् ।

भेट्रान्स (४५ वर्ष माथि) प्रथम टिमले २२ हजार, द्वितीय १५ हजार र तृतीय टिमलाई १० हजार, कप, मेडल, प्रमाणपत्र एंव सुपर भेट्रान्स (५५ वर्ष माथि) को विजेताले नगद १५ हजार, द्वितीयले ८ हजार र तृतियले नगद ५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने उनले बताए।

सिगलमा १ हजार पाँच सय, डबल्समा दुई हजार पाँच सय, भेटान्समा २ हजार २ सय ५० र सुपर भेट्रान्समा २ हजार रुपैयाँ दर्ता शुल्क तोकिएको उनले बताए।

प्रतियोगिताको प्रत्येक सहभागी खेलाडीहरुलाई टिसर्ट र मायाको चिनो तथा अन्तिम आठमा पुग्ने खेलाडीलाई खेल सामग्रीबाट पुरस्कृत गरिने व्यवस्था गरिएको छ।

प्रतियोगिताको पाँच जना उदयमान, उत्कृष्ट भेट्रान्स, उत्कृष्ट युवा खेलाडीलाई पुरस्कृत गरिने छ। सबै विधामा गरी १४० टिमको सहभागिता रहने आयोजकले जनाएको छ।

## अन्तरविद्यालय टी-२० क्रिकेटः

# लुम्बिनी शिक्षा निकेतन र लीलाराम सेमिफाइनलमा




भैरहवा । लुम्बिनी शिक्षा निकेतन र रुपन्देही लीलाराम मावि भैरहवामा जारी स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगितामा सेमिफाइनल प्रवेश गरेका छन् । आइतबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनीले जेसीज बोर्डिङ् सेकेन्डरी स्कूललाई २९ रन र लीलारामले स्प्याङ्गल स्कूललाई १ सय ४१ रनले पराजित गर्दै सेमिफाइनल यात्रा पक्का गरेका हुन् ।

टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनी शिक्षा निकेतनले ६ विकेट गुमाएर १ सय २७ रन बनायो । उसका लागि बासुदेव यादवले ४४, जाभेद खानले ३२, अलिउद्दिन खानले १८ र आजाद खानले नटआउट १० रन बनाए। बलिङमा जेसिजका आमोद बस्यालले २ तथा शिशिर घिमिरे र प्रथम जीएमले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको जेसिजले ९ विकेट गुमाएर ९८ रन मात्रै बनायो र हार व्यहोर्यो। उसका लागि सम्राट राईले २४, आसिफ रहमानले १८ र सरजाद आलमले ११ रन बनाए। बलिङमा लुम्बिनी शिक्षा निकेतनका तौफिक अहमद र अफसल खानले ३-३ तथा अफताब खानले २ र सफिउल्लाह खानले १ विकेट हात पारे । तौफिक अहमद प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको रुपन्देही लीलारामले ९ विकेट गुमाएर १ सय ७५ रनको बलियो योगफल बनायो। उसका लागि अजय केवटले ६१ रन अर्धशतकीय पारी खेले । यस्तै, प्रेमसागर यादवले २५ र आयन खानले २२ रन बनाए। बलिङमा स्प्याङ्गलका कृष्ण कोइरी र राजन यादवले २-२ तथा निरज कलवार र अर्मन खानले १-१ विकेट लिए।

प्रतिउत्तरमा स्प्याङ्गल ११ ओभर २ बलमा ३४ रन बनाउँदा अलआउट भयो। उसलाई सस्तैमा रोक्न बलिङमा लीलारामका फैजन खानले ४, आयन खानले ३, कृष्णमोहन कुर्मीले २ तथा प्रेमसागर यादवले १ विकेट हात पारे । स्प्याङ्गलका अभी चौधरीले १६ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । अजय केवट प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन् । प्रतियोगिता पुस १ गतेसम्म चल्नेछ। प्रतियोगितालाई पर्वत ज्वेलर्स, भैरहवाले प्रायोजन गरेको छ।

# पक्की पुल निर्माणले नागरिकलाई सहज बनायो

गुल्मी । लामो समयको प्रतिक्षापछि गुल्मीको पश्चिम क्षेत्रमा पक्की पुल निर्माण भएपछि त्यस क्षेत्रका नागरिकलाई सहजता पुगेको छ । मदन भण्डारी राजमार्ग योजना कार्यालयअन्तर्गत पश्चिमी भेगको छल्दीदेखि फूलबारीसम्म चार वटा पक्की पुल निर्माण भएका छन् ।

पक्की पुल बनेपछि त्यस क्षेत्रका हजारौं मानिस र सयौं सवारीसाधनलाई खोला तरेर जोखिम पूर्ण यात्रा गर्ने बाध्यता टरेको छ। पक्की पुल निर्माणका लागि राजनीतिक दलका नेताहरुको लामो प्रयासपछि पुल निर्माणको कामले सार्थकता पाएको स्थानीय सुरेन्द्र पाण्डेयले बताए।

जिल्लाको इस्मा गाउँपालिका, धुर्कोट गाउँपालिका र मालिका गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने खोलामा चार वटा पक्की पुल एकैपटक निर्माण भएसँगै त्यस क्षेत्रमा नागरिक यतिबेला निकै खुसी बनेका छन्। चाडबाडका समयमा घरमा आउँदा सधैं खोला तरेर यात्रा गर्नुपर्ने चिन्ताले पिरोलिरहने त्यस क्षेत्रका नागरिकलाई पुल बनेपछि निकै सहज भएको स्थानीय मनबहादुर मुखियाले बताए।

उक्त क्षेत्रमा लामो समयको प्रयासपछि एकैपटक चार वटा पक्की पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आएका हुन् । सञ्चालनमा आएका पक्की पुलमा फूलबारी खोला, घमिर खोला, हुलाके खोला र धनार्जी खोला गरी चार वटा रहेका छन् । निर्माण सम्पन्न गरिएका पुलमा फूलबारी खोलाको पुल रु तीन करोड ३२ लाख ६८ हजार र घमिर खोला पुल रु तीन करोड १३ लाख ८४ हजारमा निर्माण सम्पन्न मदन भण्डारी राजमार्ग योजना कार्यालयका इञ्जिनियर एवं सूचना अधिकारी होमनाथ पौडेलले जानकारी दिए । उक्त पुल निर्माणको काम पन्थ निर्माण सेवाले गरेको थियो।

त्यसैगरी, सुनील समीर निर्माण सेवाद्वारा हुलाके खोला पुल रु पाँच करोड ७९ लाख ५३ हजार र धनार्जी खोला पुल रु सात करोड ४८ हजार लागतमा निर्माण सम्पन्न भएको इञ्जिनियर पौडेलले जनाए । मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास-सिमलटारी सडक खण्डमा खोलामा पक्की पुल नहुँदा वर्षाको समयमा त्यस क्षेत्रका मानिसले ठूलो समस्या भोग्दै आउनुपरेको स्थानीय कृष्णप्रसाद अर्यालले बताए । पुल नहुँदा वर्षौंदेखि खोलाको बिचबाट सवारीसाधन सञ्चालन गर्नुपर्ने बाध्यता थियो। वर्षाको समयमा बाढी आउँदा कतीपय सवारीसाधन खोला तर्ने क्रममा बीचमा अड्किने र कतिपय सवारीसाधन बाढीले बगाउनेजस्ता समस्या थियो । त्यसका कारण यात्रुलाई वर्षौंदेखि खोला वारिपारी गर्न कठिनाइ हुने गरेको थियो। अहिले त्यस क्षेत्रमा चार वटा पक्की पुल एकैचोटी निर्माण सम्पन्न भएर सहज रुपमा सवारीसाधन सञ्चालन भएपछि त्यस क्षेत्रका नागरिक निकै खुसी बनेको इस्मा-१ गुरुवाका स्थानीय दधिराम पन्थीले बताए।

उक्त पक्की पुल निर्माण भएपछि जिल्लाको पश्चिमी क्षेत्रका चार वटा स्थानीय तहसँगै बागलुङ र प्यूठानसम्मका नागरिकलाई सहज बनेको मालिका-६ का पूर्ववडाध्यक्ष शोभाखर गिरी बताउँछन् । "पुल नहुँदा नागरिकले लामो समयदेखि पटकपटक समस्या र दुर्घटनाको जोखिम व्यहोर्दै आउनुपर्ने बाध्यता जस्तै बनेको थियो। अब खोलामा पक्की पुल बनेपछि विगतका समस्या समाधान गरिदियो, कालोपत्र सडकसँगै पुल निर्माण भएपछि यस क्षेत्रमा विकासले पनि नयाँ आयाम थप्ने भएको छ।"-गिरीले भने। तम्घास-सिमलटारी खण्डमा सडक र पुल निर्माण भएपछि छल्दी पनाहा, झरना, हुलाके, धनार्जी, चौरासी, राङ्दल, फूलबारी, सिमलटारीलगायत स्थानमा व्यापारिक चहलपहलसमेत बढ्न थालेको छ।

**पश्चिमाञ्चल यातायात व्यवसायी समिति**
**प्रधान कार्यालय बुटवल-११, रुपन्देहीको**
**साधारणसभा तथा अधिवेशनबारे अत्यन्तै जरुरी सूचना ।**

**प्रकाशित मितिः२०८२।०८।२९**

यस पश्चिमाञ्चल यातायात व्यवसायी समिति प्रधान कार्यालय बुटवलको २५औं वार्षिक साधारणसभा तथा १४ औं अधिवेशन २०८२ साल माघ ९ र १० गते सम्पन्न हुन गइरहेको व्यहोरा अनुरोध गर्दै, उक्त साधारणसभा तथा अधिवेशनमा भाग लिनका लागि यस समितिमा दर्ता, विमा र मासिक अध्यावधि रहेका ट्रकहरुको तर्फबाट व्यवसायी सदस्यता परिचय पत्र मिति २०८२ साल पुस २० गतेसम्म १ प्रति पासपोर्ट साइज फोटो र नागरिकताको फोटोकपीसहित उपस्थित भई परिचय पत्र बनाउनु हुन अनुरोध छ। परिचयपत्र विना साधारण सभा तथा अधिवेशनमा भाग लिन पाइने छैन ।

**खिम बहादुर थापा क्षेत्री**
**महा–सचिव**

**आकर्षक डिजाइन तथा छपाई**
**सबै किसिमका रंगिन तथा सादा डिजाइनका**
**साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई**
**सम्झनुहोस् !**
**आइडिया डिजाइनर्स/अफसेट प्रेस**
**सम्पर्कः**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं ।**

-कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
-स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
-कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
-आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
-कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
-कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
-कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
-युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

**कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com